## टैंकरबाट वितरण (आपूर्ति) हुने खानेपानी तथा पानी ढुवानी सम्वन्धी

# सार्वजनिक सूचना

प्रकाशित मिति : २०७३।१२।१७

काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड (पहिलो संशोधन) नियमावली, २०६३ को १५ क.२ को देहाय २(अ) र टैंकर व्यवसाय सेवा संचालन सम्वन्धी निर्देशिका, २०७३ मा निर्दिष्ट प्रावधान बमोजिम टैंकरबाट खानेपानी तथा पानी वितरण (आपूर्ति) गर्ने उद्देश्यले संचालित वा संचालन गर्न चाहने सम्वन्धित व्यक्ति, फर्म, संस्था, कम्पनी, उद्योग वा व्यवसायीलाई यस वोर्डबाट नियमानुसार टैंकर व्यवसाय सेवा संचालन सम्वन्धी अनुमती पत्र लिएर मात्र टैंकरबाट खानेपानी तथा पानी वितरण (आपूर्ति) गर्न गराउन मिति २०७३।१०।२० मा विभिन्न दैनिक पत्रिका मार्फत सार्वजनिक सूचना जारी गरिएको व्यहोरा सबैलाई विदितै छ । यसै परिप्रेक्ष्यमा यस वोर्ड समक्ष अनुमती पत्रको लागि निवेदन दर्ता हुन नआएका टैंकर व्यवसाय सेवा संचालन गर्न चाहने सम्वन्धित सबै व्यक्ति फर्म, संस्था, कम्पनी, उद्योग वा व्यवसायीलाई यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस वोर्डमा सम्पर्क राखी नियमानुसार अनुमती पत्र लिएर मात्र खानेपानी तथा पानी वितरण (आपूर्ति) गर्न गराउन अन्तिम पटक सूचित गरिन्छ ।

अन्यथा अनुमती पत्र नलिई खानेपानी तथा पानीको टैंकर व्यवसाय सेवा संचालन गरेको पाइएमा नियमावली तथा निर्देशिकामा तोकिए बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गरिन्छ ।


**काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड**

**थापाथली, काठमाडौं**

फोन नं. : – ०१-४१००६१०/ ४१००६११

www.kvwsmb.org.np / Email: info@kvwsmb.org.np